# रामग्राम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(........................शाखा)

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७५/२०७६ | च. नं. ३००

मिति: २०७५।०४।२१

विषय: सूचना टांस सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, न.प.
श्री जिल्ला समन्वय समितिको कार्यालय, न.प.
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, न.प.

प्रस्तुत विषयमा यस रामग्राम नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित हाटबजार ठेक्काको संलग्न बमोजिमको सूचना तहा कार्यालयको सूचना पाटीमा टांस गरि सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध गरिन्छ ।

.....................

राजन श्रीवास्तव
शाखा अधिकृत



फोन नं. : ०७८-५२०६८४, ०७८-५२०२५४
इमेल : municipalityramgram@gmail.com

# रामग्राम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

(........................ शाखा)

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७५/२०७६

च. नं.

**आ.व. २०७५/७६ को आन्तरिक आय तर्फ साप्ताहिक हाट्बजारको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

(दाश्रो पटक प्रकाशित २०७५/४/२२ गते)

रामग्राम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.०७५/०७६ को लागि आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यवसाय दर्तावाल फर्म तथा कम्पनी, तथा व्यक्तिहरुले निम्न शर्तहरु मन्जुर गरी बोलपत्र पेश गर्नु हुन दोश्रो पटक सम्बन्धीत सबैको जानकारीका लागि सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. बोलपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रापतको रकम न.पा. को बैंक अफ काठमाडौ परासीको धरौटी खाता च.हि.नं ०१६५०००००१९०५२ (ग ३) मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेका सूचनाको मितिले ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।
२. ठेक्का रकम न.पा.ले तोके बमोजिम किस्तामा बुझाउनु पर्ने छ । पट्टाचलन पुर्जी लिनको लागि फर्मको हकमा ठेकेदारले पहिलो किस्ताको (अर्थात कबोल अंकको ५० प्रतिशत) रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको (अर्थात कबोल अंकको बाकी ५० प्रतिशत) रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना अवधि म्याद भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ तथा व्यक्तिको हकमा सम्पूर्ण ठेक्का रकम एक मुस्ट बुझाउनुपर्नेछ ।
३. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा बढीमा १०% (१० प्रतिशत) सम्म छुट दिइनेछ ।
४. ठेकेदारले पट्टा चलन पुर्जि लिदा कबोल गरेको ठेक अंकको ५ प्रतिशतले हुने रकम ठेक्का अवधि भरका लागि जमानत वापत राखिने छ । ठेक्का अवधि समाप्त भए पछि सो जमानत रकम

# रामग्राम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(.......................शाखा)

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७५/२०७६ च. नं.

फिर्ता लिनका लागि सम्बन्धीत ठेकेदारले आय आर्जन गरे बापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईने छ । सम्पूर्ण कर बुझाएका प्रमाण पेश नगरेको खण्डमा जमानत बापत राखिएको रकमबाट ठेक अंकको १.५% आयकर कट्टा गरी बाकी रकम सम्बन्धीत ठेकेदारलाई फिर्ता गरिने छ ।

५. दरभाउपत्र पर्न आएको दरभाउपत्रमा ठेक्का दिने वा नदिने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

६. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकाले पुन: ठेक्का बन्दोबस्त गर्ने छ ।

७. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले कर, दस्तुर उठाउनु पर्ने छ ।

८. नगरपालिकाकाले तोकेको स्थानमा मात्र बजार लगाउनु पर्ने छ । सो व्यवस्थापनको कार्य गर्दा कुनै किसिमको बजार थप, छुट, मिन्हा दिईने छैन ।

९. बोलपत्रदाताले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य रुपले बोलपत्र साथ राख्नु पर्ने छ साथै कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

१०. प्रत्येक बजार एवं ठेक्काको लागि बोलपत्र खरिद गरि छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ साथै खाम माथि ठेक्काको नाम स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ ।

११. यो सुचना दाश्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी सक्नु पर्ने छ ।

१२. यो सुचना प्रकाशित भएको १६ औ दिन दिउंसो १२ बजे सम्म बोलपत्र दाखिला गरी सक्नु पर्नेछ ।

१३. दाखिला भएको ठेक्का १६ औं दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

१४. दरभाउपत्र खरिदगर्ने, पेशगर्ने, खोल्ने दिन कुनै कारणबस बिदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।

१५. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ ।

१६. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको बन्द, हडताल आदिको छुट, मिनाहा वा म्याद थप दिइने छैन् ।

१७. सम्बन्धीत ठेक्काको दररेट नगरपालिकाको कर उप शाखामा हेर्न सकिनेछ ।

१८. न.पा.ले तोकेको ढाचामा कबुलियत पट्टा चलन पुर्जि लिनु पर्ने छ ।

१९. ठेकेदारले बजार लाग्ने दिन भन्दा एक दिन अगावै नियमित रुपमा सरसफाईको व्यवस्था, खानेपानी, विजुली र बजारको सुरक्षा ठेकेदार स्वयंले गर्नु पर्ने छ । सो व्यवस्था गरे बापत नगरपालिकाले कुनै पनि खर्च ब्यहोर्ने छैन ।

२०. माथि उल्लेख भए बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

अन्य थप जानकारीको लागि कार्यालय समयमा कर उप शाखामा सम्पर्क गर्न सकिने छ ।

ठेक्काको विवरण

| क्र.सं. | ठेक्काको नाम | वार्षिक कबोल अंक | दरभाउपत्र । बोलपत्र फारम मूल्य | कार्यान्वयन मिति | कैफियत |
|---|---|---|---|---|---|
| ०७५।०७६।०००१ | मंगलबारे पशुपाडा भैसी हाटबजार | २२,००,००० | ३०००। | ०७५।०८।१० देखि०७६।०८।१९ | बोलपत्र |